| | |
|---|---|
| **नमूना पम्प विक्रेताको लागि पेश गर्नु पर्ने कागजातहरको विवरण** | |
| १ | अनुसूची-१ बमोजिमको निवेदन फाराम |
| २ | अनुसूची-२ बमोजिमको बिक्रेताले निगम समक्ष गरिदिने कवुलियतनामा |
| ३ | प्रस्तावित बिक्रीस्थलको चार किल्ला खुलेको लोकेशन प्लान (Location Plan) |
| ४ | नापी कार्यालयबाट कित्ता नम्बर खुलेको जग्गाको प्रमाणित नक्सा (Blue Print) |
| ५ | प्रस्तावित बिक्रीस्थलमा भौतिक पूर्वाधार निमार्णको प्राविधिक नक्सा (Site Plan) |
| ६ | कित्ता नम्बरहरु एक आपसमा जोडिएको भन्ने नापी कार्यालयको प्रमाणित पत्र/ट्रेस नक्सा |
| ७ | प्रस्तावित जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि |
| ८ | प्रस्तावित जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्र वितरण नभएकोमा सम्बन्धित गा.वि.स./ न.पा.को जग्गा भोग चलनको प्रमाणित सिफारिस पत्र |
| ९ | बिक्रीस्थलको जग्गा वा घर जग्गा भाडा वा वहाल वा लिजमा लिने दिने दुवै पक्षको सहिछाप भएको रितपूर्वकको नेपाली कागजमा लेखिएको सम्झौता पत्र वा मन्जुरीनामा **(साधारण तथा प्याक्ड बिक्रेताको लागि कम्तिमा १० वर्ष समायावधि खुलाईएको र मट्टितेल बिक्रेताको हकमा ५ वर्ष समायावधि खुलाईएको हुनु पर्ने छ।)** |
| १० | बिक्रीस्थल खडा गर्न प्रस्ताव गरिएको सम्बन्धित गा.वि.स./न.पा./उ.न.पा./ म.न.पा. को चार किल्ला, कित्ता नम्बर र क्षेत्रफल समेत खुलाइएको सिफारिस पत्र |
| ११ | सडक विभाग अन्तर्गन पर्ने सडकको वरिपरि बिक्री स्थल कायम गर्न प्रस्ताव गरिएको भए सडक विभाग वा सो अन्तर्गतका कार्यालयको त्यस्तो सडकमा बिक्री स्थल खोल्न दिएको सहमति वा स्विकृति पत्र |
| १२ | सम्बन्धित स्थानीय निकाय अन्तर्गत पर्ने सडकको वरिपरि भए स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग वा सो अन्तर्गत कार्यालयले त्यस्तो सडकमा बिक्री स्थल खोल्न दिएको सहमति वा स्विकृति पत्र |
| १३ | नेपाल सरकार वाणिज्य विभाग वा सो अन्तर्गतका कार्यालयमा वा कम्पनी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागमा फर्म दर्ता/ साझेदारी फर्म दर्ताको प्रमाणित प्रतिलिपि |
| १४ | फर्मधनी वा साझेदारी फर्म धनीहरु वा कम्पनीको शेयरधनी वा सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि |
| १५ | फर्मधनीले आन्तरिक राजश्व कार्यालयबाट प्राप्त गरेको स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि |
| १६ | जिल्ला ट्राफिक कार्यालयको सिफारिस |
| १७ | विद्युत् प्राधिकरणको सिफारिस |
| **नमूना पम्प विक्रेताको बिक्रीस्थलको लागि जग्गाको मापदण्ड** | |
| १ | तराई र भित्री मधेश ( भित्री मधेश जिल्ला  उदयपुर, चितवन, मकवानपुर, सिन्धुली, दाङ्ग र सुर्खेतको पहाडी क्षेत्र वाहेक ) मा एक विघा ( तेह्र रोपनी ) र पहाडी क्षेत्र तथा हिमाली क्षेत्रमा पांच रोपनी हुनु पर्ने छ। जग्गाको सडक तर्फको मोहडा ४० मिटर र चौडाई ५० मिटर हुनु पर्नेछ। |
| २ | विक्री स्थलको डिजाइन अनुसूची १० मा उल्लेख भए अनुसार हुनु पर्नेछ। |
| ३ | साधारण विक्रेताको विक्री स्थलवाट नमूना पम्पको विक्री स्थलको दुरी एकतफी रुपमा कम्पनीमा ५०० मिटर र एक नमुना पम्पको विक्री स्थलवाट अर्को नमूना पम्पको विक्री स्थलको दूरी एक तर्फी रुपमा कम्पतीमा ३ कि.मि. हुनु पर्ने छ। |

अनुसूची –१

# नेपाल आयल निगम लिमिटेड
# केन्द्रीय कार्यालय, बबरमहल
# (बिनियम ४ संग सम्वन्धित)

**श्री नेपाल आयल निगम लिमिटेड**

......................................

......................................

विषय :- बिक्रेता नियुक्तिका लागि निवेदन पत्र ।

महाशय,

नेपाल आयल निगम लिमिटेडको बिक्रेता भई काम गर्न मेरो/हाम्रो इच्छा भएकोले तपसील बमोजिमको व्यहोरा उल्लेख गरी यो आवेदन पत्र दिएको छु/छौं । कृपया मलाई/हामीलाई बिक्रेतामा नियुक्त गरी पेट्रोलियम पदार्थको कारोवार गर्ने अवसर दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

तपसिल

१. आवेदक :

(क) फर्म, संस्था वा कम्पनीको पुरा नाम :–

(ख) फर्म भए रजिष्ट्रेशन भएको मिति र नम्बर :–

(ग) स्थायी लेखा नम्बर र मिति :- ...................................

मु.अ.कर दर्ता नम्बर र मिति :- ................................

(घ) फर्म, संस्था वा कम्पनीको मूख्य कार्यालय रहेको स्थानः–

**२. फर्म, संस्था वा कम्पनीको किसिम :-** ...........................................

**३. पेट्रोलियम पदार्थ बिक्री गर्न चाहेको स्थान :-**

अञ्चल.................जिल्ला......................गा.वि.स./न.पा/उ.म.न.पा/म.न.पा/..........................

वडा नं....... स्थान..................................टोल/मार्ग................................ कि.नं. ................ ...........................................................क्षेत्रफल.............................................................

**४. बिक्रेता हुन चाहेको किसिम :-** साधारण बिक्रेता ( ), मट्टितेल बिक्रेता ( ), अन्य

**५. बिक्री गर्न चाहेको पेट्रोलियम पदार्थहरू :-** पेट्रोल ( ), डिजल ( ), मट्टितेल ( ), अन्य

**६. प्रस्तावित बिक्री स्थलबाट मासिक बिक्री गर्न सक्ने अनुमानित कुल परिमाण** (कि.लि.मा) ................

**७. बिक्रेता बन्न चाहने फर्म/कम्पनी निगमको ढुवानीकर्तामा नियुक्त भएको नभएको उल्लेख गर्ने** ................

८. "नमुना पम्प बिक्रेता बन्न चाहाने व्यक्ति/फर्म/कम्पनी साधारण विक्रेताको विक्रीस्थलबाट नमुना पम्पको विक्रीस्थलको दुरी एकतर्फी रुपमा कम्तीमा पाँच सय मिटर र एउटा नमुना पम्पको विक्रीस्थलबाट अर्को नमुना पम्पको विक्रीस्थलसम्मको दुरी एकतर्फी रुपमा कम्तीमा तीन किलोमिटरको फरकमा हुनुपर्नेछ । साथै साधारण बिक्रेता बन्न चाहने फर्म/कम्पनीको प्रस्तावित बिक्रीस्थलबाट अर्को साधारण विक्रेताको विक्रीस्थल कम्तिमा ३०० मिटर र मट्टितेल विक्रेताको विक्रीस्थल कम्तिमा ३०० मिटरको दूरीमा हुनु पर्नेछ र नजिकको अर्को साधारण/प्याक्ड/मट्टितेल बिक्रेताको विक्रीस्थल कति दूरीमा रहेको छ फर्मको नाम समेत उल्लेख गर्ने ..........................................................................
..........................................................................................................................

९. मलाई/हाम्रो फर्म, संस्था वा कम्पनीलाई कुनै वात कसुर लागेको छ, छैन ।

(वात कसुर लागेको भए त्यसको छोटकरी विवरण खुलाउनु पर्ने)

१०. माथि उल्लेख गरेको व्यहोरा ठीक साँचो हो फरक परेमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

भवदीय,

आवेदकको सम्पर्क फोन /इमेल/ फ्याक्स नं. .......................

आवेदकको सहीः

आवेदकको पुरा नाम,थरः–

स्थानः– .......................

आवेदकको पुरा ठेगानाः–

मितिः– ........................

फर्म, संस्था वा कम्पनीसँगको सम्वन्धः–

छाप :-

नोट :- पेट्रोल पम्प संचालन गर्न चाहने शहिद परिवार, दलित परिवार, दलित एवम् महिलालाई प्राथमिकता दिईनेछ ।

अनुसूची –२

(बिनियम ६ को उप विनियम ३ संग सम्वन्धित)

## बिक्रेताले निगम समक्ष गरिदिने कबुलियतनामा

लिखितम ............................. अञ्चल .......................... जिल्ला ...................................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गा.वि.स. ...................................... वार्ड नं. ........ठाउँ/टोल ............................ मा स्थायी बसोवास भएको वर्ष ......... को म/हामी ......................................... (कुनै फर्म, कम्पनी, संस्था वा कार्यालय भए पूरा नाम र ठेगाना दिए पुग्छ ।) आगे नेपाल आयल निगम लिमिटेडको बिक्रेता नियमावली, २०६५ ले बिक्रेता नियुक्तिको लागि तोकेको प्रक्रिया पूरा गरी मिति ......./....../........ देखि नमुना पम्प विक्रेता साधारण बिक्रेता, मट्टितेल बिक्रेताको रुपमा नियुक्त भई निगमद्धारा बिक्री वितरणको लागि ल्याइएको पेट्रोलियम पदार्थहरू मध्ये तोकिएको पेट्रोलियम पदार्थ निगमको बिक्रेता नियमावली र अन्य नियम, निर्देशनको अधिनमा रही बिक्री वितरण गर्न अनुमति पाई बिक्रेताको रुपमा काम गर्न मञ्जुर गरी यो कबुलियतनामा गरी दिएको छु/छौं । निगमका बिक्रेताको रुपमा कायम रहेसम्म निगमको बिक्रेता नियमावलीमा समय समयमा हुने संशोधन थपघट र परिमार्जनका कुराहरूलाई तथा सो मा उल्लेखित दायित्वहरूको पालना गर्न म/हामीलाई मञ्जुर छ । बिक्रेता नियमावली बमोजिम पुरा गर्नु पर्ने भौतिक पूर्वाधारहरूको शर्त बमोजिम सम्पूर्ण निर्माण पुरा गर्नेछु । भौतिक पूर्वाधार निरीक्षण गराई सप्लाई लिईसकेपछि कुनैपनि पूर्वाधारहरूमा घटबढ भएमा त्यसको सम्पूर्ण जिम्मेवारी पूर्ण रूपमा लिनेछु/लिनेछौं । त्यसमा कुनै असहमती जनाउने छैन । यदि निगमको बिक्रेताको हैसियतले पालना गर्न तोकिएको दायित्व मैले/हामीले पालना नगरेबाट निगमको व्यापारिक प्रतिष्ठामा र निगमलाई कुनै किसिमको हानी नोक्सानी र क्षति पुग्न गएमा सो वापत निगमबाट म/हामी उपर गरिने जे जो सम्पूर्ण काम कारवाही म/हामीलाई मान्य हुनेछ । यसरी गरिने काम कारवाही उपर असहमति जनाई कतै कुनै कुराको उजुर वाजुर गर्ने छैन । गरेमा यसै कबुलियतनामाको कागजको आधारमा बदर होस् भनी आफ्नो मनोमान राजीखुशीले तल नाम उल्लेख गरिएका साक्षीहरूको रोहवरमा यो कबुलियतनामाको कागजमा सही छाप गरी नेपाल आयल निगम लिमिटेडलाई दिएँ/दियौं ।

साक्षीहरू :

१.

२.

३.

**कबुलियतनामा गरिदिने बिक्रेता, फर्म, संस्था, कम्पनी वा निजहरुको तर्फबाट हस्ताक्षर गर्नेको :-**

**नाम :-**

**सही :-**

**ठेगाना :-**

इति सम्वत् ................ साल ..................... महिना ........... रोज .................. मा सुभम् ।

७. <u>साधारण बिक्रेताको बिक्रीस्थलको मापदण्ड</u> :

(१) विनियम ५. बमोजिम आवश्यक शर्तहरु पूरा गरी पेट्रोलियम पदार्थको बिक्री गर्न नियुक्ति भएको बिक्रेताले प्रस्तावित बिक्रीस्थल निर्माण गर्दा देहाय बमोजिम मापदण्ड अनुसार भौतिक पूर्वाधारहरु पूरा गर्नु पर्नेछ :-

(क) गाउँ विकास क्षेत्रभित्र साधारण बिक्रेताको बिक्रीस्थल रहने भए बिक्रीस्थल रहने जग्गाको लम्वाई राष्ट्रिय राजमार्गको हकमा सडक तर्फको मोहडा चालीस मिटर र चौडाई कम्तीमा सत्र मिटर हुनु पर्नेछ र कूल क्षेत्रफल कम्तीमा तीन रोपनी वा साढे चार कठ्ठा हुनुपर्ने,

(ख) गाउँ विकास समिति क्षेत्र साधारण बिक्रेताको बिक्रीस्थल रहने भए बिक्रीस्थल रहने जग्गाको सहायक राजमार्ग, जि.वि.स./गा.वि.स. तथा कृषि सडकको हकमा सडक तर्फको मोहडा तीस मिटर वा चौडाई कम्तीमा पन्ध्र मिटर हुनु पर्नेछ र कूल क्षेत्रफल कम्तीमा दुई रोपनी वा तीन कठ्ठा हुनुपर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र साधारण बिक्रेताको बिक्रीस्थल रहने भए बिक्रीस्थल रहने जग्गाको लम्वाई राष्ट्रिय राजमार्ग र सहायक राष्ट्रिय राजमार्ग वा नगरपालिका अन्तर्गतका सडकहरुको हकमा सडक तर्फको मोहडा तीस मिटर र चौडाई कम्तीमा पन्ध्र मिटर भई कूल क्षेत्रफल कम्तीमा दुई रोपनी वा तीन कठ्ठा हुनुपर्ने,

(घ) महानगरपालिका वा उपमहानगरपालिकाको क्षेत्रभित्र साधारण बिक्रेताको बिक्रीस्थल रहने भए बिक्रीस्थल रहने जग्गाको लम्वाई राष्ट्रिय राजमार्ग तथा सहायक राष्ट्रिय राजमार्ग तथा महानगरपालिका र उपमहानगरपालिका अन्तरगत रहेका सडकहरुको हकमा सडक तर्फको मोहडा कम्तीमा बीस मिटर, चौडाई कम्तीमा बाह्र मिटर हुनु पर्नेछ र जग्गाको कूल क्षेत्रफल कम्तीमा एक रोपनी आठ आना वा दुई कठ्ठा हुनुपर्ने,

(ङ) बिक्रीस्थलको ड्राइभ वे, पम्पयार्ड, सार्वजनिक सडक सिमादेखि पम्पयार्ड एप्रोच रोडको कालोपत्र वा कङ्क्रिट ढलान (RCC) वा ढुङ्गा छापी सिमेण्ट जोडाइ भएको वा सिमेण्टबाट बनेको इन्टरलकिङ्ग टायलबाट बनेको हुनुपर्ने,

(च) बिक्रीस्थलको कम्पाउण्डभित्र एप्रोच रोड, टैंक फर्म, बिक्रीकक्ष, पार्किङ्ग एरिया बाहेक सवारी साधन आवात जावतमा बाधा नपर्ने गरी वातावरण संरक्षण गर्ने किसिमको बृक्षारोपण गर्नुपर्ने,

(छ) बिक्रीस्थल क्षेत्रको तीनतर्फ कम्तीमा तीन फिट र बढीमा पाँच फिटसम्म उचाई भएको पक्की कम्पाउण्ड वाल वा सिमेण्ट पिलरमा काँडेतार लगाएको हुनुपर्ने,

*(ज) बिक्रीस्थलमा बर्षातमा सवारी साधनमा इन्धन भर्दा आकाशे पानीबाट जोगाउन पम्पयार्डमा डिस्पेन्सिङ्ग पम्प तथा इन्धन भर्ने सवारी साधन समेत ढाक्ने गरी घटीमा ६×६ मिटरको स्टील स्ट्रक्चर/RCC स्ट्रक्चर/कर्कटपाता/PVC सीट/फाइवर (Fiber) ग्लास सीटको छाना (सेड) को व्यवस्था भएको हुनुपर्ने छ ।

(झ) बिक्रीस्थलमा कार्यालय, बिक्रीकक्ष, पिउने पानी वा ट्युववेल एवम् अपाङ्गमैत्री शौचालयको अलावा महिला तथा पुरुषको लागि छुट्टा छुट्टै एक भन्दा बढी शौचालयको व्यवस्था हुनुपर्ने ।”

(ञ) बिक्रीस्थलमा साँझ वा राति इन्धन भर्दा बत्तिको उचित प्रवन्ध हुनु पर्नेछ र विजुलीको तार कन्सिल वायरिङ्ग भएको हुनुपर्ने,

(ट) बिक्रीस्थल कम्पाउण्डभित्र निकासको लागि उचित ड्रेनेजको व्यवस्था गरेको हुनुपर्ने,

(ठ) बिक्रीस्थलमा नयाँ डिस्पेन्सिङ्ग पम्प जडान गरेको हुनपर्ने,

(ड) पम्प परिसरमा पेट्रोलियम पदार्थ सञ्चय गर्दा एउटै पेट्रोलियम पदार्थको एउटा मात्र स्टोरेज टैंक भएमा एक वा एक भन्दा बढी डिस्पेन्सिङ्ग पम्पसँग कनेक्सन जोड्ने व्यवस्था हुनुपर्ने,

(ढ) एउटै पेट्रोलियम पदार्थको स्टोरेज टैंक एउटा भन्दा बढी भएमा अलग अलग टैंकको अलग अलग डिस्पेन्सिङ्ग पम्पसँग कनेक्सन भएको हुनुपर्ने,

(ण) एकै किसिमको पेट्रोलियम पदार्थको सञ्चय गर्दा टैंकहरु बीच इन्टरकनेक्सन जोड्न नसकिने व्यवस्था हुनुपर्ने,

(त) बिक्रीस्थलको कम्पाउण्डभित्र अग्नी सुरक्षाको लागि देहाय बमोजिमको उपकरण वा सामग्रीहरु राख्नुपर्ने :-

(१) १० के. जी. क्षमताको फायर एक्टीङ्गवीसर दुई थान,

(२) १० लिटर क्षमताको बाल्टिन बालुवाले भरेको चार थान तथा पर्याप्त मात्रामा बालुवा राख्नुपर्ने,

(३) सावेल र पिक एक एक थान,

(४) एक हजार लिटरको पानी टंकी एक थान ।

(थ) बिक्रीस्थलमा २० फिट अग्लो चार फिट डायमिटरको दुवै तर्फ पहेँलो भुइँमा निलो अक्षरमा निगमको लोगो (रातो रंगमा) सहितको एउटा होर्डिङ्ग बोर्ड अनुसूची-९ बमोजिमको ढाँचामा राख्नुपर्ने,

(द) बिक्रेता बन्न स्विकृति पाएको मिति उल्लेख गरी "नेपाल आयल निगम लि.को अधिकृत बिक्रेता" निलो अक्षरमा लेखी निगमको प्रतीक चिन्ह (लोगो) समेत स्पष्ट रुपमा देखिने गरी घटीमा ५×३ फिटको साइनबोर्ड राख्नुपर्ने,

(ध) बिक्रीस्थलमा रहेको अण्डरग्राउण्ड टैंक र सोको क्षमता र संख्या, पाइप लाइन र फिटिङ्गसको नक्साङ्कन (Lay Out), पेट्रोलियम पदार्थको मौज्दातको विवरण सर्वसाधारणले देख्ने गरी बिक्रीस्थलमा राख्नुपर्ने,

(न) बिक्रीस्थलको नक्साङ्कन (Lay Out) निगम वा नेपाल सरकारको अधिकार प्राप्त निकायले माग गर्दा उपलब्ध गराउनु पर्ने ।

(२) निगम वा अधिकार प्राप्त निकायले बिक्री परिसरमा नक्साङ्कन (Lay Out) अनुसार जडान भएको वा नभएको निरीक्षण गर्न सक्नेछ र निरीक्षण गरी दिएको आवश्यक निर्देशन साधारण बिक्रेताले पालना गर्नु पर्नेछ ।

(३) यो विनियमावली लागू हुनु पूर्व नियुक्त भएका साधारण बिक्रेताले यस विनियम बमोजिमको भौतिक पूर्वाधार अनुरुपको बिक्रीस्थलको स्तरबृद्धि गर्न वा भइरहेको भौतिक पूर्वाधारको अवस्थामा क्रमशः सुधार गर्नु पर्नेछ । तर जग्गाको क्षेत्रफल र दुई विक्रीस्थल वीचको दुरीको हकमा यो लागू हुनेछैन ।

" (४) यस विनियमावलीको विनियम ५ बमोजिमको शर्त र विनियम ७ अनुसारको मापदण्ड पुरा नगरेका साधारण बिक्रेतालाई सो शर्त र मापदण्ड पुरा गर्न यो विनियम प्रारम्भ भएको मितिले निगमले चार महिनाको अवधि दिनेछ । उक्त अवधिभित्र सो शर्त र मापदण्ड पूरा नगर्ने साधारण बिक्रेतालाई निगमबाट नियमित रुपमा उपलब्ध गराउदै आएको परिमाणको पचास प्रतिशत पेट्रोलियम पदार्थको आपूर्ति रोकिनेछ । सो अवधिभित्र पनि उक्त शर्त र मापदण्ड पूरा नगरेमा निगमले एक महिनाको अर्को अवसर दिनेछ । सो अवधिभित्र पनि शर्त र मापदण्ड पुरा नगरेमा त्यस्तो बिक्रेतालाई निगमबाट नियमित रुपमा उपलब्ध गराउदै आएको परिमाणको पच्चीस प्रतिशत मात्र

पेट्रोलियम पदार्थ उपलब्ध गराई उक्त विनियम बमोजिमको शर्त र मापदण्ड एक महिना भित्र पुरा गर्न पुनः अन्तिम म्याद दिनेछ । उक्त अवधिभित्र पनि पुरा नगरेमा निगमले पेट्रोलियम पदार्थको आपूर्ति बन्द गरी बिक्रेता खारेज गर्नेछ ।

तर, यो विनियमावली प्रारम्भ हुनु अघि नियुक्ति भएका साधारण विक्रेताको हकमा जग्गाको क्षेत्रफल र दुई विक्रीस्थल विचको दुरीको प्रावधान लागू हुनेछैन ।

(५) विनियम ५ बमोजिमको शर्त र विनियम ७ अनुसारको मापदण्ड पूरा गर्ने सन्दर्भमा पम्प बिक्रेताहरुले आपसमा मर्जर वा जग्गा थप वा अन्य स्थानमा स्थानान्तरण गर्न सक्नेछन ।

तर, सो गर्नु पूर्व निगमको स्वीकृति लिनु पर्नेछ । ”

“७क. <u>नमुना पम्प बिक्रीस्थलको मापदण्डः</u> (१) विनियम ५क. बमोजिम आवश्यक शर्त पूरा गरी पेट्रोलियम पदार्थको बिक्री गर्न नियुक्त भएका नमुना पम्प बिक्रेताले बिक्रीस्थल निर्माण गर्दा देहाय बमोजिमको मापदण्ड अनुसार भौतिक पूर्वाधारहरु निर्माण गर्नु पर्नेछ :

(क) नमुना पम्प बिक्रीस्थलको जग्गाको क्षेत्रफल तराई र भित्री मधेश (भित्री मधेश जिल्ला उदयपुर, चितवन, मकवानपुर, सिन्धुली, दाङ्ग, सुर्खेतको पहाडी क्षेत्र बाहेक) मा एक विगाहा (तेह्र रोपनी) र पहाडी क्षेत्र तथा हिमाली क्षेत्रमा पाँच रोपनी हुनुपर्नेछ । बिक्रिस्थलको डिजाइन अनुसूची – १० मा उल्लेख भए बमोजिमको हुनुपर्ने,
तर राजमार्ग वा अन्य सडकबाट करिब पाँचसय मिटरभित्रको जग्गामा अनुसूची - १० बमोजिमको डिजाइन मा नमुना पम्पको बिक्रीस्थल निर्माण गर्दा सो डिजाइन अनुसारको जग्गाको लम्वाई र चौडाईको परिमाण आवश्यक नभई उल्लेखित क्षेत्रफलको जग्गासम्मको पहुँच रोड १० मिटर भए पनि मान्य हुनेछ ।

(ख) बिक्रीस्थलको ड्राइभ वे, पम्पयार्ड, सार्वजनिक सडक सिमादेखि पम्पयार्ड एप्रोच रोडको कालोपत्र वा कङ्क्रिट ढलान (RCC) वा ढुङ्गा छापी सिमेण्ट जोडाई भएको वा सिमेन्टबाट बनेको इन्टरलकिङ्ग टायलबाट बनेको हुनुपर्ने,

(ग) बिक्रीस्थलको कम्पाउण्डभित्र एप्रोच रोड, टैंक फार्म, बिक्रीकक्ष, पार्किङ्ग एरिया बाहेक सवारी साधन आवत जावतमा बाधा नपर्ने गरी हरियाली कायम गरेको हुनुपर्ने,

(घ) बिक्रीस्थल क्षेत्रको तीनतर्फ कम्तीमा तीन फिट र बढीमा पाँच फिटसम्म उचाई भएको पक्की कम्पाउण्ड वाल वा सिमेन्ट पिलरमा काँडेतार लगाएको हुनुपर्ने,

(ङ) रिफ्युलिङ्ग एरिया ढाक्ने गरी करिब १८ मिटर x ३० मिटरको Canoopy निर्माण गर्नुपर्नेछ,

(च) बिक्रीस्थलमा पूरुषको हकमा न्यूनतम २ वटा ट्वाइलेटसहितको ६ वटा युरिनरी र महिलाको हकमा न्यूनतम ४ वटा ट्वाइलेट र अपाङ्गमैत्री १ वटा ट्वाइलेटको व्यवस्था हुनुपर्ने,

(छ) Uninterrupted Power Supply (Use of Solar Energy +Battery Backup) भएको हुनुपर्ने,

(ज) बिक्रीस्थलमा कार्यालय, बिक्रीकक्ष, स्वस्थ्यकर पिउने पानी वा ट्युवेल व्यवस्था हुनुपर्ने,

(झ) बिक्रीस्थलमा बिजुलीको तार कन्सिल वायरिङ्ग भएको हुनुपर्ने,

(ञ) बिक्रीस्थल कम्पाउण्डभित्र पानी निकासको लागि उचित ड्रेनेजको व्यवस्था गरेको हुनुपर्ने,

(ट) बिक्रीस्थलमा नयाँ डिस्पेन्सिङ्ग पम्प जडान गरेको हुनुपर्ने,

(ठ) पम्प परिसरमा पेट्रोलियम पदार्थ सञ्चय गर्दा एउटै पेट्रोलियम पदार्थको एउटा मात्र स्टोरेज टैंक भएमा एक वा एक भन्दा बढी डिस्पेन्सिङ्ग पम्पसँग कनेक्सन जोड्ने व्यवस्था हुनुपर्ने,

(ड) एउटै पेट्रोलियम पदार्थको स्टोरेज टैंक एउटा भन्दा बढी भएमा अलग अलग टैंकको अलग अलग डिस्पेन्सिङ्ग पम्पसँग कनेक्सन भएको हुनुपर्ने,

(ढ) एकै किसिमको पेट्रोलियम पदार्थको सञ्चय गर्दा टैंकहरु बीच इन्टरकनेक्सन जोड्न नसकिने व्यवस्था हुनुपर्ने,

(ण) बिक्रीस्थलको कम्पाउण्डभित्र अग्नी सुरक्षाको लागि Fire Retardant System हुनुपर्ने,

(त) बिक्रीस्थलमा बीस फिट अग्लो चार फिट डायमिटरको दुवै तर्फ पहेँलो भुईमा निलो अक्षरमा निगमको लोगो (रातो रंगमा) सहितको होर्डिङ्ग बोर्ड अनुसूची ९ बमोजिमको ढाँचामा राख्नुपर्ने,

(थ) नमुना पम्प बिक्रेता स्विकृती पाएको मिति उल्लेख गरी नेपाल आयल निगम लिमिटेडको अधिकृत बिक्रेता निलो अक्षरमा लेखी निगमको प्रतिक चिन्ह लोगो समेत स्पष्ट रुपमा देखिने गरी घटीमा ५×३ फिटको साइनबोर्ड राख्नुपर्ने,

(द) बिक्रीस्थलमा रहेको अण्डरग्राउण्ड टैंक र सोको क्षमता र संख्या, पाइप लाइन र फिटिङ्गसको नक्साङ्कन (Lay Out), पेट्रोलियम पदार्थको मौज्दातको विवरण सर्वसाधारणले देख्ने गरी बिक्रीस्थलमा राख्नुपर्ने,

(ध) बिक्रीस्थलको नक्साङ्कन (Lay Out) निगम वा नेपाल सरकारको अधिकार प्राप्त निकायले माग गर्दा उपलब्ध गराउनु पर्ने,

(न) न्यूनतम आठ वटा सवारी साधनमा कम्तीमा एक पटकमा चार वटा पेट्रोल नोजल र चार वटा डिजल नोजलबाट रिफ्युलिङ्ग गर्ने व्यवस्था हुनुपर्ने,

(प) बिक्रीस्थल चौविसै घण्टा खुल्ला हुनु पर्ने,

(फ) इलोक्ट्रोनिक कार्डबाट समेत खरीद गर्न मिल्ने गरी Card Swap Facility भएको हुनु पर्ने,

(ब) बिक्रीस्थलमा Vending Machine र Convenient Store (किराना पसल आदि) को समेत व्यवस्था भएको हुनुपर्ने,

(भ) न्यूनतम बीस जनाले आरामपूर्वक खान मिल्ने रिफ्रेशिङ हाउस/कफिसप आदि सुविधा भएको Restaurant हुनु पर्ने,

(म) न्यूनतम वीस वटा साना ठूला गाडी पार्क गर्न मिल्ने पाँचसय वर्ग मिटरको पार्किङ एरिया भएको हुनुपर्ने,

(य) गाडी धुन मिल्ने, टायरमा हावा भर्ने (Air Filter Service) र सामान्य मर्मत गर्न सकिने मर्मत केन्द्र (Service Centre) समेतको व्यवस्था गर्न सकिने हुनुपर्ने,

(र) स्वचालीत विलिङ प्रणाली भएको हुनु पर्ने,

(ल) संवेदनशील अवस्थामा आकस्मिक पम्प बन्द (Emergency Pump Shut off) हुने व्यवस्था भएको हुनु पर्ने,

(व) बिक्रीस्थलमा चौविसै घण्टा सुरक्षा गार्ड रहने प्रबन्ध मिलाउनु पर्ने,

(श) ए.टि.एम. काउन्टरको व्यवस्था गर्न सकिने हुनुपर्ने,

(ष) टैक ट्रकबाट पेट्रोलियम पदार्थ संचय भण्डारमा अनलोड गर्दा Static Charge बाट उत्पन्न हुनसक्ने आगलागीबाट जोगिन आवश्यक पर्ने Bonding एवम् Earthing Wire वा सो सम्बन्धी फिटिङ्गसको आवश्यक व्यवस्था हुनुपर्ने,

(स) बिक्रेताले बिक्रीस्थलमा तोकिए बमोजिमको सुरक्षा सम्बन्धी जानकारी सबैले देख्ने गरी राख्नु पर्नेछ,

(ह) बिक्रेताले आफ्नो कारोबार गर्ने पेट्रोलियम पदार्थ एवं अन्य मालवस्तु वा सेवाको खुद्रा बिक्री मूल्य आम उपभोक्ताले सजिलै देख्ने गरी डिजिटल बोर्ड बनाई Display गरी राख्नु पर्ने,

(क्ष) नमुना पम्प विक्रेताको विक्रीस्थलमा प्रत्येक पेट्रोलियम पदार्थको न्यूनतम एक/एक वटा १२/१२ के.एल क्षमताको अण्डरग्राउण्ड सिलिण्ड्रीकल Steel Tank न्यूनतम ५ मि.मि मोटाईको Steel Sheet ले बनेको स्टोरेज टैंक आवश्यक निर्माण पूर्वाधार सहित जडान गर्नुपर्ने छ । ति टैंकहरुको भित्री भाग Primer, Epoxy Coating र बाहिरी भाग Coaltar Epoxy or similar bituminous coating गरेको हुनु पर्नेछ । जमिन मुनीको पानीको सतह वढि भएको ठाउँमा थप Coating तथा टैंक पानीले नउचाल्ने गरी थप सूरक्षाको व्यवस्था गर्नु पर्ने । अन्यथा Double walled Steel Tank, Double Fiber Glass or Jacketed Steel Tank जडान गर्नु पर्नेछ । यस्ता स्थानहरुमा टैंक Foundation निर्माण गर्दा टैंक मुनिको पानीको निकाशको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने,

(त्र) अण्डरग्राउण्ड टैंकमा कम्तिमा २२ ईन्चको एउटा cover सहितको Man-hole हुनुपर्नेछ । यस्ता टैंकरहरुमा पानी वा Sludge माथीबाट समेत झिक्न मिल्ने गरी उपयुक्त Sump को व्यवस्था गर्नुपर्ने । साथै टैंकीको माथिल्लो भागमा Benting, Fuel Inlet, Outlet र Gauging Hole आदीको व्यवस्था हुनुपर्नेछ । Fuel Suction Pipe को Suction Foot Valve टैंकको तल्लो सतह भन्दा कम्तीमा ६ ईन्च माथि हुने गरि जडान गर्ने र Fuel Inlet Point भन्दा कम्तिमा १ मीटर टाढा Fuel Suction Pipe जडान गर्नुपर्ने,

(ज्ञ) अण्डरग्राउण्ड टैंकहरु रहेको टैंक फर्म क्षेत्र खुल्ला ठाउँमा हुनुपर्नेछ । टैंक फर्म क्षेत्र माथी कुनै किसिमको घर, टहरा, छाता आदि संरचना बनाउन पाइनेछैन ।

(ज्ञ१) बिक्रिस्थल क्षेत्रमा कम्तीमा तीन फिट र बढीमा पाँच फिटसम्म उचाई भएको कम्पाउण्ड वाल निर्माण गर्नु पर्नेछ वा सिमेण्टको पिलरमा काँडेतार लगाएको हुनु पर्ने,

(२) निगम वा अधिकार प्राप्त निकायले बिक्रीस्थलमा उपविनियम (१) अनुसारको मापदण्ड लगायतका विषयमा निरीक्षण गर्न सक्नेछ र निरीक्षण गरी दिएको निर्देशन नमुना पम्प बिक्रेताले पालना गर्नु पर्नेछ।

(३) यस विनियमावली बमोजिम नियुक्त भएका साधारण बिक्रेताले नमुना पम्प बिक्रेतामा सोही स्थानमा अपग्रेड वा स्थानान्तरण गर्न निगम समक्ष निवेदन दिएमा निगमले साधारण बिक्रेताबाट नमुना पम्प बिक्रेतामा अपग्रेड वा स्थानान्तरण गरिदिन सक्नेछ । यसरी नमुना पम्प बिक्रेतामा अपग्रेड वा स्थानान्तरण हुने साधारण बिक्रेताले विनियम ११ बमोजिम राखेको धरौटी रकममा जति रकम थप गर्दा विनियम ११ को उपविनियम (१) को खण्ड (घ) बमोजिम राख्नु पर्नेमा जति धरौटी रकम नपुग हुने हो त्यति रकम मात्र निगमले तोकेको बैङ्क खातामा दाखिला गर्नु पर्नेछ ।